# मिति २०७९।०४।०२ गते बसेको गाउँ कार्यपालिकाको पहिलो बैठकका निर्णयहरु :

**निर्णय नं.-१**
विधायन समितिले पारित गरी पेश गरेको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि,२०७७ स्वीकृत गर्ने।

**निर्णय नं.-२**
शान्तिनगर गाउँपालिकाबाट भएका निर्णय तथा कामका विषयमा सूचना प्रवाह गर्दा व्यवस्थित र एकद्वार प्रणालीबाट गर्नु पर्ने भएकोले वडा नं ३ का वडा अध्यक्ष मिन बहादुर के. सी.लाई यस गाउँपालिकाको प्रवक्ता तोक्ने।

**निर्णय नं ३**
गत आ व मा संघीय ससर्शत बजेटबाट यस गाउँपालिकाको वडा नं १ को बान्द्रेखोलामा झोलङ्गे पुल निर्माणको लागि ठेक्का नं २३SRM।MCB २०७८।०७९ मार्फत स्टिल पार्ट सप्लाई गर्न सिद्धार्थ ईन्जिनियरिङ वर्क्स कम्पनी बाँके र यस कार्यालय बीच २०७९।०२।११ मा सम्झौता भई कार्यादेश दिईएकोमा उक्त कम्पनीले ठेक्काको म्याद मिति २०७९।०३।११ सम्म सामान सप्लाई नगरेको, कुनै सम्पर्कमा पनि नआएको र मौखिक रुपमा सोधि खोजि गर्दा पनि कुनै स्पष्ट जवाफ नदिएको कारणले उक्त ठेक्कको लागि सम्झौता रकम १८४२७०२। बजेट रकम फ्रिज भई गएकोले कम्पनीलाई कारवाहीको लागि प्रस्ताव पेश भई आएको हुँदा सो सम्बन्धमा उक्त ठेक्का सम्झौता रद्द गरी धरौटी जफत लगायतका आवश्यक कारवाही गर्ने।

**निर्णय नं ४**
यस कार्यालयबाट मिति २०७९।०३।२७ गते प्रा।काशित रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना अनुसार रोजगार सहायकको पदपूर्तिको लागि सिफारिस गर्न **स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति मापदण्ड, २०७८** को दफा ३ को खण्ड (ख) मा भएको व्यवस्था बमोजिम शिक्षा अधिकृत सुमन पाण्डेलाई विषय विज्ञको रुपमा तोक्ने।

**निर्णय नं.५**
यस गाउपालिकाको लागि आवश्यक रहेको क्षमता विकास योजना निर्माणको लागि कार्यापालिकाबाट नीतिगत स्वीकृति प्रदान गरिए अनुसार प्रदेश प्रशिक्षण प्रतिष्ठान नेपालगंजको आर्थिक सहयोगमा स्थानीय स्वशासन सहयोग मञ्च नेपाल प्रा.ली. काठमाण्डौंले तयार गरी पेश गरेको शान्तिनगर गाउँपालिकको क्षमता विकास योजना, २०७८।०८९ स्वीकृत गर्ने।

**निर्णय नं ६**
यस गाउँपालिका अन्तर्गत वडा २ को बौलाहखोला स्थित हावाखाने डाँडामा सिँचाई ड्याम निर्णमा गरी वडा नं २, ३, ४, ५ र ६ लाई प्रयाप्त सिँचाई सुविधा उपलव्ध गराउनको लागि आ ब को विनियोजनित बजेट बाट डि पि आर निर्माण गर्न यस कार्यलय र क्यानभास ईन्जिनियरिङ कल्सन्टेन्सी प्रा.ली. ललितपुर बीच सम्झौता भएको र उक्त कम्पनीले सम्झौता अनुसारको कार्य सम्पन्न गरी अन्तिम प्रतिवदेन पेश गरेकोले जम्मा रु.१७६७८२०००।– (भ्याट सहित) लागत खर्चको उक्त डि पि आर स्वीकृत गर्ने।

**निर्णय नं.७**
बाघमारे स्वास्थ्य चौकीको च.नं.८४ मिति २०७९।०३।०३ को पत्रबाट सुरक्षित गर्भपतन सेवाका लागि स्वास्थ्य संस्था तथा स्वास्थ्य कर्मी सूचीकरण गरिदिनु हुन भनी अनुरोध भई आएकोले सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७८ को दफा १४ को खण्ड (क) मा भएको व्यवस्था बमोजिम बाघमारे स्वास्थ्य चौकीलाई सुरक्षित गर्भपतन सेवाका लागि सूचीकरण गर्ने । साथै स्वास्थ्यकर्मी सूचीकरणको हकमा निर्देशिकाको दफा १२ को खण्ड (क) अनुसार आवश्यक प्रक्रृया पूरा गरी कार्यालयबाट सूचीकरण गरिदिने।

**निर्णय नं ८**
नेपाल सरकारको विषेश अनुदानबाट शान्तिनगर गाउँपालिकाको वडा नं १ स्थित वीरेन्द्र मा वि खिलतपुर मा खानेपानी सुधार योजनाको लागि १ करोड बजेट बिनियोजन भई आएको सम्बन्धमा उक्त योजनाको नाममा फरक पर्न गएकोले तपशिल अनुसार योजनाको नाम संशोधनको लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउने।

**तपशिलः**

१. बगिया गुण्डले बीरेन्द्र मा वि खिलतपुर लिफ्ट खानेपानी योजना।

**निर्णय नं ९**

शान्तिनगर गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्नु पर्ने भएको र हाल गाउँपालिका रहेको स्थानमा उपयुक्त र प्रयाप्त जग्गा नभएको हुँदा अन्य स्थानमा उपयुक्त र प्रयाप्त जग्गा एकिन गरी १५ दिनभित्र प्रतिवेदन पेश गर्ने गरी तपशिल बमोजिमको कार्यदल गठन गर्ने।

तपशिलः

१. संयोजक श्री प्रेमा कुमारी बुढाथोकी उपाध्यक्ष शान्तिनगर गाउँपालिका
२. सदस्य श्री सुनिल ओली २ नं वडा अध्यक्ष
३. सदस्य श्री मिन बहादुर के सी ३ नं वडा अध्यक्ष
४. सदस्य श्री गोमान बहादुर वली ४ नं वडा अध्यक्ष
५. सदस्य श्री रञ्जिता बोहरा कार्यपालिका सदस्य

**निर्णय नं.१०**

प्रस्ताव नं ७, मा छलफल गर्दा शान्तिनगर गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ मा भएको तपशिल अनुसारको प्रगति विवरण प्रस्तुत भयो। उक्त खर्च प्रगति स्वीकृत गर्ने।

## मिति २०७९।०५।०५ गते बसेको गाउँ कार्यपालिकाको दोस्रो बैठकका निर्णयहरु :

**निर्णय नं १**

यस गाउँपालिकामा चालु आ.व. २०७९।८० का लागी संचालन हुने योजनाको लागत स्टिमेट मुल्यांकनका लागी प्रयोग गरिने निर्माण सामाग्रीको स्थानीय दररेट पुर्वाधार विकास शाखाबाट पेश भए अनुसार स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

गाउँपालिका क्षेत्र भित्र पर्ने विभिन्न नदि तथा खोलाहरुको बालुवा गिट्टि उत्खनन् गर्नका लागी प्रारम्भिक बातावरणीय प्रभाव परिक्षण (IEE) को समय समाप्त भएकोले देहायको प्याकेज निर्माण गरि प्रारम्भिक बातावरणिय प्रभाव परिक्षण (IEE) गर्ने निर्णय गरियो ।

**प्याकेज १**

१)बान्द्रे खोला - झोलुङ्गे पुल घाट

२) च्याटी खोला - खिलतपुर घाट

३) बस्ती खोला - सिमल गैरा घाट

४) केराघारी खोला - स्कुल माथीको घाट

५) बगर खोला - खडकपुर घाट

**प्याकेज २**

१) बबई नदि - देवीपुर घाट (१), देवीपुर घाट (२)

२) बहुलाहा खोला - जुम्लेकुला घाट, बाघडोई घाट, विष्णुपुर घाट, रगैजा घाट, काशीपुर घाट, काशीपुर घाट, कार्बाङ घाट

**निर्णय नं ३**

यस गाउँपालिकामा कक्षा १ देखि ५ कक्षा सम्मको स्थानीय पाठ्यक्रम निमार्ण भई सकेकोले शैक्षिक सत्र २०७९ देखि यस गाउँपालिका अन्तरगत सबै विद्यालयहरुमा स्थानीय पाठ्यक्रम परिक्षणको रुपमा कार्यान्वयन गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत चालु आ.व. २०७९।८० को लागी पहिलो चरणको बजेट शर्शत अनुदानका रुपमा विनियोजन भई सकेकोले देहाय बमाजिम वडा कार्यालयबाट पेश भए बमोजिमका योजना तथा कार्यक्रममा रकम विनियोजन गरी EMIS मा प्रविष्ट भएका ६६९ जना बेरोजगार सुची स्वीकृत गरी योजना संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं | योजना तथा वडा नं | विनियोजित रकम |
|---|---|---|
| १. | वडा नं १ बाट छनौट भएका योजना तथा कार्यक्रम | ९,००,०००। |
| २. | वडा नं २ बाट छनौट भएका योजना तथा कार्यक्रम | ८,००,०००। |
| ३. | वडा नं ३ बाट छनौट भएका योजना तथा कार्यक्रम | ६,४९,०००। |
| ४. | वडा नं ४ बाट छनौट भएका योजना तथा कार्यक्रम | ६,००,०००। |
| ५. | वडा नं ५ बाट छनौट भएका योजना तथा कार्यक्रम | ६,००,०००। |
| ६. | वडा नं ६ बाट छनौट भएका योजना तथा कार्यक्रम | ६,००,०००। |
| ७. | वडा नं ७ बाट छनौट भएका योजना तथा कार्यक्रम | ६,००,०००। |

**निर्णय नं ५**

गाउँपालिकामा हुन सक्ने विपदजन्य घटनाको तत्काल सम्बोधन तथा प्रतिकार गरि सम्भावित जोखिम न्युनीकरण गर्नका लागी सम्बन्धीत सरोकारवाला निकाय सँग समन्वय गरी गाउँपालिकाको विपद प्रतिकार्य योजना निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

गाउँपालिकाको कार्यसंचालन निदेर्शिका २०७८ को अनुसुची ३ लाई हटाई देहाय बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

**अनुसुची ३**

*कर्मचारीका लागी मासिक इन्धन सुविधा पेट्रोल⁄ डिजेल*

| सि.नं | पद तह | परिमाण (लिटर) |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत (चार पाङग्रे) | ७० |
| २. | अधिकृत स्तर (छैठौं, सातौं, आठौं) (दुई पाङगे) | १० |
| ३. | सहायक स्तर (दुई पाङगे) | ८ |
| ४. | सहयोगी स्तर (दुई पाङगे) | ४ |

साथै कर्मचारीलाई विशेष जिम्मेवारी तथा फिल्डको कामकाजमा खटाएको बखत मासिक इन्धन सुविधाले अपुग हुने आधार भएमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यकताको आधाारमा इन्धन सुविधा थप गर्न सक्ने

निर्णय नं ७

शान्तिनगर गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागी उपयुक्त स्थान छनौट गर्न मिति २०७९।०४।०२ गते गठित कार्यदलले समय अपर्याप्त भएको भनी समय म्याद थप गर्न मागेकोले २०७९ असोज मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

## शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९।०५।१७ गतेको तेस्रो बैठकबाट भएका निर्णयहरु:

**निर्णय नं.-१,**

माथि उल्लेखित प्रस्ताव नं १ मा छलफल गर्दा शान्तिनगर गाउँपालिका वडा नं **१** बस्ने **बम बहादुर जि.सी.**ले घ वर्गको निर्माण व्यवसाय ईजाजत पत्र पाउँ भनि आवश्यक कागजात सहित यस कार्यालयमा मिति **२०७९।०४।२६** मा निवेदन दर्ता गरेको र सो निवेदनसंग रहेको फाईल संलग्न कागजातहरुको अध्ययन गरी प्रक्रिया पुगे नपुगेको सम्बन्धमा प्रतिवेदन पेश गर्न **ई. प्रमिला पौडेल**लाई तोकिएकोमा निजबाट कार्यविधि अनुसार योग्यता पुगेको देखिएको ले निर्माण इजाजत पत्र उपलव्ध गराउन सिफारिस गरेको हुँदा निवेदकको माग अनुसार **घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४** को दफा २ को उपदफा (४) बमोजिम तपशिल बमोजिमका व्यक्तिलाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र उपलव्ध गराउने।

| सि नं | फर्म वा कम्पनीको नाम | ठेगाना | प्रोप्राईटरको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | स्वर्णपुरी कन्स्ट्रक्शन | शान्तिनगर गाउँपालिका वडा नं १ दाङ। | बम बहादुर जि.सी. | |

**निर्णय नं.-२,**

शान्तिनगर गाउँपालिकाको शिक्षा ऐन,२०७६ दफा १७ को उपदफा (१) को खण्ड (ग) मा भएको व्यवस्था बमोजिम गाउँ शिक्षा समितिको सदस्यमा कार्यपालिका सदस्य द्वय श्री पार्वती घर्ती र श्री झुपलाल नेपालीलाई मनोनित गर्ने।

**निर्णय नं.-३,**

यस गाउँपालिकाको स्वामित्व भएको ७ नं. वडा कार्यालयको अगाडि राजमार्गसंग जोडिएको गाउँपालिकाको दुई वटा पक्की भवनलाई (८ वटा कोटा) व्यवसायिक प्रयोजनका लागि भाडामा लगाउन १२औ गाउँसभाबाट स्वीकृत भएको प्रति वर्गफिट मासिक न्यूनतम रु १२।– का दरले भाडा लगाउनका लागि कार्यालयबाट मिति २०७९।०४।०४ मा सिलबन्दी प्रस्ताव आह्वान गर्दा एउटा कोठाको लागि एक जनाको मात्र निवेदन पेश भएकोमा उक्त निवेदन समेत सारभूत रुपमा प्रभावग्राही नभएको सम्बन्धमा: कोठा भाडा लगाउने विषयमा स्थानीयस्तरमा बुझ्दै जाँदा बजारिकण तथा शहरी क्षेत्र उपलव्धताको आधारमा उक्त दर महंगो भएको भन्ने बुझिन आएकोले गाउँसभाबाट स्वीकृत भएको प्रति वर्गफिट मासिक रु १२।– भए तापनि अबदेखि न्युनतम् प्रति वर्गफिट रु.८।– कायम गरी पुन: घर भाडामा दिने प्रकृया अगाडि बढाउने।

**निर्णय नं.-४,**

**गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७** को दफा ५२ (१) बमोजिम गठित उद्यम विकास समितिको मिति २०७९।०२।१९ र २०७९।०४।२५ गते बसेको बैठकबाट भएका निर्णयहरु अनुमोदन गरी समितिबाट भएको वडा छनौट सम्बन्धी निर्णयलाई स्वीकृती प्रदान गर्ने।

**निर्णय नं.-५,**

यस गाउँपालिकाको १२ औ गाउँसभाबाट आ.व.२०७९।०८० को लागि स्वीकृत नीति तथा कार्यक्रमको बुद्धा नं मा विद्यालय स्वास्थ्य शिक्षा अन्तर्गत नमूना कार्यक्रमको लागि ३ वटा माध्यामिक विद्यालयमा स्कूल नर्सिङ कार्यक्रम सञ्चालन गरिने छ।" भन्ने उल्लेख भएको हुँदा सो को कार्यान्वयनका लागि तपशिल बमोजिमका विद्यालयमा नर्सिङ कर्मचारी भर्ना प्रक्रिया अगाडी बढाउने।

| सि नं | पद | तह | संख्या | विद्यालय | पारिश्रमिक मासिक |
|---|---|---|---|---|---|
| १. | विद्यालय नर्स | पाँचौं सरह | १ | श्री मा.वि.तुल्सिपुर वडा नं ७ | रु २८०००। |
| २. | विद्यालय नर्स | पाँचौं सरह | १ | श्री ज.क. मा.वि सिमसन्दरपुर वडा नं २ | रु २८०००। |
| ३. | विद्यालय नर्स | पाँचौं सरह | १ | श्री वि.पि.मा.वि बयाले वडा नं ३ | रु २८०००। |

**निर्णय नं ६**

यस गाउँपालिकाको कार्यालयका शाखाहरु विस्तार भएको तथा संघ र प्रदेशबाट विभिन्न जिम्मेवारी थप भई रहने अवस्थामा हाल मौजुदा रहेका कार्यालय सहयोगी मात्र अप्रयाप्त भएकोले दैनिक सेवा प्रवाह तथा कार्यसम्पादनमा समेत बाधा परेकोले मासिक रु १५०००।-पारिश्रमिक दिने गरी सेवा करारमा तत्काल ३ तीन जना कार्यालय सहयोगी भर्ना गरी कामकाज लगाउने।

**निर्णय नं ७**

यस गाउँपालिकालाई कानुनी विषयमा राय परामर्श दिन, कानुनी प्रतिरक्षाका लागि गाउँपालिकाको तर्फबाट बहस पैरवी गर्न, न्यायिक समितिको कार्यसम्पादनमा सहयोग गर्न र विभिन्न कानून निर्माण समेतमा सहयोग गर्नको लागि गाउँपालिकालाई कानूनी सल्लाहकारको आवश्यकता परेकोले कार्यालयको आवश्यकता अनुसार कार्यालयमा उपस्थित हुने लगायत अन्य सेवा सर्त उल्लेख गरी मासिक रु २०,०००।– पारिश्रमिक पाउने गरी एक जना अधिबक्तालाई कानूनी सल्लाहकारको रुपमा करारमा लिने ।

**शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९।०७।१६ गतेको चौथो बैठकबाट भएका निर्णयहरु:**

**निर्णय नं.-१,**

यस गाउँपालिकाको क्षेत्रभित्र पर्ने नदि तथा खोलाहरुबाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्ठी, वालुवा, ग्रावेल) उत्खनन् तथा विक्री वितरण गर्नको लागि IEE गर्नु पर्ने व्यवस्था भए बमोजिम पिनाकल ईन्जिनियरिङ सोलुशन एण्ड कन्सल्टेन्सी तथा डि बि एस विजनेश कन्शल्टिङ प्रा लि र यस कार्यालय बीचमा भएको सम्झौता अनुसार उक्त कम्पनीले नदि तथा खोलाहरुको IEE को अन्तिम रिपोट तयार गरि यस कार्यालयमा बुझाएकोले उक्त IEE रिपोट स्वीकृत गर्ने ।

**निर्णय नं.-२,**

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट गरिब परिवारको रुपमा पहिचान गरी देहाय बमोजिम बर्गिकरण गरिएका परिवारलाई मन्त्रालयबाट प्राप्त परिचय पत्र व्यवस्थित रुपमा कार्यालयबाट वितरण गर्ने

| सि नं | वर्गिकरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | अति गरिब | १६ | |
| २ | मध्यम गरिब | ७० | |
| ३ | सामान्य गरिब | १५२ | |
| | **जम्मा** | **२३८** | |

**निर्णय नं.-३,**

यस गाउँपालिका अन्तर्गत तल्लो भागका कृषि पेश गर्ने तथा पशुपालक कृषकहरुले सामान्य सेवा लिनका लागि पनि लामो दुरीको बाटो तय गरी चिराघाटसम्म आउनु पर्ने विद्यमान अवस्थाले कृषकहरुलाई असहज भएको हुँदा वडा नं ५,६ र ७ का क्षेत्रलाई समेटने गरी वडा नं ७ को खैरेनी स्थित गाउँपालिकाको भवनमा कृषि तथा पशु सेवा केन्द्र स्थापना गरी कृषि र पशुपालक कृषकहरु लाई सोही स्थानबाट सेवा उपलव्ध गराउने । साथै उक्त सेवा केन्द्रमा हाललाई देहाय बमोजिमको दरबन्दीको व्यवस्था गर्ने ।

१. कृषि/पशु सेवाको पाँचौ तहको कर्मचारी -१ जना (ईन्चार्ज)
२. कृषि समूहको चौथो तहको कर्मचारी-२ जना
३. पशु सेवासंग सम्बन्धित चौथो तहको कर्मचारी-२ जाना
४. कार्यालय सहयोगी-१ जना

**निर्णय नं ४,**

चालु आ व २०७९।८० को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार विकास निर्माण सम्बन्धी योजनाहरुको कार्यान्वयन लाई ब्यवस्थित बनाउन देहायको कार्यतालिका अनुसार कार्य गर्ने निर्णय गरियो ।

| योजना सम्बन्धी कार्य | समय सिमा |
|---|---|
| उपभोक्ता समिति गठन | २०७९ कार्तिक मसान्त |
| योजना सम्झौता गर्ने | २०७९ मंशिर मसान्त |
| योजनाको कार्य सम्पन्न गर्ने | २०८० बैसाख मसान्त |
| योजनाको भुक्तानी | २०८० जेष्ठ मसान्त |

**निर्णय नं.-५,**

शान्तिनगर गाउँपालिकाको भू उपयोग नक्सा अनुसार गाउँपालिका क्षेत्रभित्रको जमिनलाई देहाय बमोजिम भू बर्गिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

कृषि तथा पशु विकास कार्यान्वयन कार्यविधी अनुसार कृषि तथा पशु सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न र आवश्यक सहजीकरण गर्न देहायको समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १ गाउँपालिका अध्यक्ष | संयोजक |
| २ गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३ प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४ १ नं वडा अध्यक्ष | सदस्य |
| ५ ३ नं वडा अध्यक्ष | सदस्य |
| ६ कार्यपालिका सदस्य झुपलाल नेपाली | सदस्य |
| ७ कृषि /पशु शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं ७**

यस गाउँपालिकाको बाघमारे स्वास्थ्य चौकीमा रहेको एम्बुलेन्स चालकको तलबभत्ता २०७८ चैत्रदेखि भुक्तानी नभएकोले भुक्तानी दिनु हुन भनी बाघमारे स्वास्थ्य चौकीबाट निर्णय सहित लेखी आएकोले सो अवधिको स्वास्थ्य चौकीबाट सिफारिस भए बमोजिमको निजले पाउन बाँकी रहेको तलब भत्ता भुक्तानी दिने ।

**निर्णय नं ८**

यस गाउँपालिकाको बाघमारेमा निर्माणाधिन १५ शैयाको अस्पताल भवनको रेखदेखको गर्ने सुपरभाईजर नारायण वलीले २०७९ असारको सुविधा रकम भुक्तानी पाउ र चालु आ व को लागि म्याद थप गरी दिनु हुन भनी निवेदन पेश गरेकोले निजले पाउनु पर्ने २०७९ असारको तलव सुविधा भुक्तानी दिने र चालु आ व को लागि २०८० असार मसान्तसम्म म्याद थप गरी निरन्तरता दिने साथै २०७९ श्रावण महिनादेखि निजलाई मासिक रु २५०००। पच्चिस हजार पारिश्रमिक दिने ।

**निर्णय नं ९**

शान्तिनगर गाउँपालिकामा अस्थायी तथा करारमा कार्यरत रहेका सबै कर्मचारीहरुको तलव आगामी गाउँसभामा समायोजन गर्न पेश गर्ने ।

**निर्णय नं १०**

२०७९ साल असोज महिनामा आएको वर्षातको करणले शान्तिनगर गाउँपालिका भित्र भएको क्षतिको सम्बन्धमा विभिन्न ठाउँबाट राहतको माग भै आएको हुँदा क्षतिको मुल्याङकन गरी राहत उपलव्ध गराउने ।

**निर्णय नं ११**

आ व २०७९।८० को प्रथम त्रैमासिक आय व्ययको विवरणमा छलफल भयो यस अवधिमा भएको प्रगति सन्तोषजनक नै देखियो । बाँकी काम समयमै सम्पन्न गर्ने ।

**निर्णय नं १२**

यस गाउँपालिकाको लागि थप एउटा एम्बुलेन्सको आवश्यक्ता परेकोले पालिकाको आ व २०७९।८० को स्वीकृत बार्षिक बजेटमा एम्बुलेन्स खरिद गर्ने व्यवस्था समेत भएकोले नयाँ एम्बुलेन्स खरिद गर्ने प्रक्रिया अगाडि बढाउने ।

**शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९।०८।२० गतेको पाँचौं बैठकबाट भएका निर्णयहरुः**

**निर्णय नं.-१,**

क) आ व २०७८।०७९ मा नदिजन्य पदार्थ उत्खनन् तथा विक्री वितरण प्रयोजनका लागि ठेक्का नं १४SRM२०७८।०७९ बबई नदिको देविपुर घाट (१) बाट ७००० घन मिटर नदिजन्य पदार्थ उत्खनन गर्न ब्ल्यूग्रेन कन्स्ट्रक्शन प्रा लि संग ठेक्का सम्झौता गरी कार्यादेश दिईएको सन्दर्भमा कम्पनीले समयसीमा भित्र उत्खनन् गरि जम्मा गरेको नदिजन्य पदार्थ प्रमाणित गरिपाउँ भनि कार्यालयमा निवेदन पेश गरेकोले कार्यालयबाट अनुगमन गरी मौज्दात चेक जाँच गर्न प्राविधिक सहितको टोली खटाईएकोमा उक्त टोलीले मिति २०७९।०८।१८ मा पेश गरेको प्रतिवेदन अनुसार ६ नं वडाको लङगेवाखोला छेउमा उक्त कम्पनीले जम्ममा गरी राखेको ६५८६ घनमिटर गिट्टी, बालुवा मौज्दात प्रमाणित गर्ने ।

ख) आ व २०७८।०७९ मा नदिजन्य पदार्थ उत्खनन् तथा विक्री वितरण प्रयोजनका लागि ठेक्का नं १५SRM२०७८।०७९ बबई नदिको देविपुर घाट (२) बाट ३००० घन मिटर नदिजन्य पदार्थ उत्खनन गर्न विजेश्वरी कन्स्ट्रक्शन सेवासंग ठेक्का सम्झौता गरी कार्यादेश दिईएको सन्दर्भमा कम्पनीले समयसीमा भित्र उत्खनन् गरि जम्मा गरेको नदिजन्य पदार्थ प्रमाणित गरिपाउँ भनि कार्यालयमा निवेदन पेश गरेकोले कार्यालयबाट अनुगमन गरी मौज्दात चेक जाँच गर्न प्राविधिक सहितको टोली खटाईएकोमा उक्त टोलीले मिति २०७९।०८।१८ मा पेश गरेको प्रतिवेदन अनुसार ५ नं वडाको रगैजामा उक्त कम्पनीले जम्ममा गरी राखेको ३८२ घनमिटर गिट्टी, बालुवा मौज्दात प्रमाणित गर्ने ।

**निर्णय नं.-२,**

गाउँपालिकाको कार्यालयबाट तयार भई पेश भएका देहाय बमोजिमका कानूनहरु स्वीकृत गर्ने ।

१. राहत तथा आर्थिक सहायता कार्यविधि, २०७९
२. लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७९

**निर्णय नं.-३,**

आ व २०७९।०८० को प्रथम चौमासिकमा गाउँपालिकाको कार्यालय र सातै वटा वडा कार्यालयबाट जम्मा भएको आन्तरिक आम्दानी (राजश्वको) विवरण र खर्चको प्रगति विवरण पेश भएकोमा छलफल गरियो । खर्चको प्रगति हेर्दा सन्तोषजनक भएको पाईयो सबै वडाहरुमा करिब करिब समान रुपमा राजश्व उठनु पर्नेमा तुलना गर्दा उठने राजश्वको अन्तर धैरै देखिएकोले समान रुपमा आन्तरिक आम्दानी बढाउने तर्फ विशेष जोड दिने लगायत प्रथम चौमासिकको आम्दानी र खर्चको समिक्षा गरियो ।

**निर्णय नं.-४,**

आ व २०७८।०७९ मा नदिजन्य पदार्थ उत्खनन् गरी विक्री वितरणका लागि कार्यपालिकाको निर्णय बमोजिम अमानतमा दिईएका व्यक्तिहरुले दाखिला गरिसकेपछि निजहरुलाई विविध शिर्षकबाट दाखिला भएको रकमको १० प्रतिशत प्रोत्साहन रकम उपलव्ध गराउने निर्णय गरियो ।

१. रामु चौधरी
२. प्रकाश बुढा
३. हुकुम बहादुर थापा
४. पंकज के सी

**निर्णय नं ५**

यस गाउँपालिकाका अध्यक्षको कामकाजमा सहजता ल्याउन एकजना स्वकीय सचिवको आवश्यक्ता परेकोले मासिक रु.२१०००। एक्काईस हजार मात्र पारिश्रमिक सुविधा पाउने गरी सहायकस्तर चौथोतह सरहको कर्मचारी नियुक्त गर्ने निर्णय गरियो ।

## मिति २०७९।०९।२१ गतेको कार्यपालिका छैठौं बैठकका निर्णयहरुः

**निर्णय नं.-१,**

प्रस्ताव नं १, मा छलफल गर्दा प्रदेश र स्थानीय तहमा आ.व २०८०।०८१ का लागि संघीय विशेष अनुदान अन्तरर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि मिति २०७९।०८।१९ मा प्रकाशित सूचना अनुसार आयोजना /कार्यक्रम प्रस्ताव सहित विवरणहरु तयार गरी २०७९ पौष मसान्त भित्र योजना आयोगको विद्युतिय प्रणाली मार्फत मात्र माग गर्ने भनिएकोले यस गाउँपालिकाबाट DPR सम्पन्न भएका तपशिलका योजनाहरुको प्रस्ताव तयार गरी विशेष अनुदानको लागि माग गर्ने ।

**बिषेश अनुदान तर्फः**

१. फुसको छाना विस्थापित कार्यक्रम ।
२. ज्यामिरे कृतिम जलासय निर्माण ।
३. खहरेखोला कृतिम जलासय निर्माण ।
४. हात्तीखाल कृतिम जलासय निर्माण ।
५. कुमालगढी कृतिम जलासय निर्माण ।
६. छोटेखोला कृतिम जलासय निर्माण ।
७. बुद्ध मा वि खेलकूद मैदान निर्माण ।
८. हात्तीखाल खेलकूद रंगशाला (पालिकास्तरीय) निर्माण ।
९. वि पि मा वि पर्खाल निर्माण ।
१०. बाघमारे खानेपानी स्किम नं ५ (अमुवा) योजना ।
११. बस्तीखोला छहरा निर्माण योजना ।
१२. पुरानो सुनडवरी कुलो (रगैजा सुनडवरी) योजना

**निर्णय नं.-२,**

प्रस्ताव नं २, मा छलफल गर्दा प्रदेश र स्थानीय तहमा आ.व २०८०।०८१ का लागि संघीय समपुरक अनुदान अन्तरर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि मिति २०७९।०८।१९ मा प्रकाशित सूचना अनुसार आयोजना /कार्यक्रम प्रस्ताव सहित विवरणहरु तयार गरी २०७९ पौष मसान्त भित्र योजना आयोगको विद्युतिय प्रणाली मार्फत मात्र माग गर्ने भनिएकोले यस गाउँपालिकाबाट DPR सम्पन्न भएका तपशिलका योजनाहरुको प्रस्ताव तयार गरी समपुरक अनुदानको लागि माग गर्ने ।

**समपुरक अनुदान तर्फः**

१. रगैजा चिलरिया गैरातिलवारी सडक कालोपत्रे ।
२. खिलतपुर बगिया नयाँवस्ती कालापोखरा सडक कालोपत्रे ।
३. जुम्लेकुला चौतारी भलायनेटी बस्तीखोला हुँदै सुन्दरादेवी मन्दिरसम्मको बाटो कालो पत्र (क्रमागत)
४. कोर्वाङ रगैजा विष्णुपुर हारिचार सडक कालोपत्रे ।

**निर्णय नं.-३,**

प्रस्ताव नं ३, मा छलफल गर्दा स्थानीय तहमा आ.व २०८०।०८१ का लागि तराई मधेश समृद्धी कार्यक्रम अनुदान अन्तरर्गत संचालन गरिने आयोजना/कार्यक्रमको गाउँपालिकाबाट DPR सम्पन्न भएका तपशिलका योजनाहरुको प्रस्ताव तयार गरी अनुदानको लागि माग गर्ने ।

**तराई मधेश समृद्धि कार्यक्रम तर्फः:**

१. गिधनीय पहाडीपुर लङगेवा सडक स्तरोन्नती ।
२. ७ नं वडा कार्यालयबाट दुविचौर धुसुरा जाने बाटो स्तरोन्नती ।
३. धनौरी खानेपानी निर्माण (वड नं ५) ।
४. लाङघाली प्रा वि विद्यालय भवन निर्माण ।

**निर्णय नं.-४,**

क) मिति २०७७।०९।१९ मा कार्यपालिकाबाट नीतिगत निर्णय भई ओरेक नेपाल दाङको प्राविधिक सहयोगमा गाउँपालिकाको कार्यालयबाट तयार गरी पेश भएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९ स्वीकृत गर्ने ।

ख) INF Dang को प्राविधिक सहयोगमा गाउँपालिकाको कार्यालयबाट तयार गरी पेश भएको मानव बेचविखन तथा ओसारपसार नियन्त्रण समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने ।

**निर्णय नं.-५,**

प्रस्ताव नं ५, मा छलफल गर्दा शान्तिनगर गाउँपालिका क्षेत्रभित्रका नदी/खोलाहरुबाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्रेभल) उत्खनन् संकलन तथा बिक्री गर्नको लागि यस कार्यालयबाट प्रथम पटक मिति २०७९।०५।१८ मा सूचना प्रकाशन गरिएकोमा म्यादभित्र सूचना बमोजिमका नदि तथा घाटमा कुनै पनि बोलपत्र नपरेकोले मिति २०७९।०६।२५ मा पुनः दोश्रो पटक सूचना प्रकाशन भएको र उक्त सूचना बमोजिम म्यादभित्र पर्न आएका बोलपत्र दरभाउपत्रहरुको मुल्याङ्कन समितिबाट मुल्याङ्कन गरी स्वीकृतिका लागि प्रस्ताव भएका तपशिल बमोजिमको विवरण भएका कम्पनीको ठेक्का स्वीकृत गर्ने ।

**तपशिलः**

| क्र. सं. | ठेक्का नं. | नदी तथा घाट | स्वीकृतको लागि छनौट भएको कम्पनी फर्म | लागत अनुमान रकम (भ्याट बाहेक) | कबोल अंक (भ्याट बाहेक) | लागत अनुमान भन्दा बढि रकम (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १८ SRM२०७९।०८० | बबई नदि देवीपुर (२) | बेगम कन्स्ट्रक्शन सेवा शान्तिनगर ६ दाङ | १८०८१२८। | १९२११३६। | ६।२५ | |
| २ | १६ SRM२०७९।०८० | बबई नदि कोर्वाङ | वि जि स्टार निर्माण सेवा प्रा लि काठमाण्डौ३१ | १६९५१२०। | १७५८६८७। | ३।७५ | |
| ३ | १२ SRM२०७९।०८० | बौलाह खोलाको विष्णुपुर | सनलाईट निर्माण वा दंगीशरण ३ दाङ। | १५८२११२। | १८०७०००। | १४।२१ | |

**निर्णय नं.-६,**

उल्लेखित प्रस्ताव नं.६ मा छलफल गर्दा यस गाउँपालिका भित्रका खोला तथा नदिहरुको विभिन्न १२ वटा घाटबाट नदिजन्य पदार्थ उत्खनन तथा विक्री वितरणका लागि कार्यालयबाट विभिन्न मितिमा दुइ पटक टेण्डर आह्वान गर्दा पनि ठेक्का नलागेकाले तपसिलका ९ वटा घाटहरुको नदिजन्य पदार्थ उत्खनन गर्न वडाबाट कार्यालयको सक्रियतामा IEE प्रतिबेदनमा उल्लेखित परिमाण र दरमा आन्तरिक आयको संकलन गर्ने । प्रत्येक घाटबाट राजस्व संकलनका लागी एक एक जना व्यक्तिलाई जिम्मा दिने राजश्व संकलन गर्ने ब्यक्तिकालागी जम्मा गरेको रकमको १० प्रतिशतले हुन आउने रकम प्रोत्साहन गर्ने निर्णय गरियो ।

तपसिल

१ बान्द्रे खोला घाट

२ बागर खोला खडकपुर घाट

३ बहुला खोला जुम्ले कुला घाट

४ बहुला खोला बाघढोइ घाट

५च्याटि खोला घाट

६ बहुला खोला कोर्बाङ घाट

७ बहुला खोला रगैजा घाट

८ काशीपुर घाट

९ देवीपुर घाट

**निर्णय नं.-७,**

उल्लेखित प्रस्ताव नं.७ मा छलफल गर्दा शान्तिनगर गाँउपालिकाको १३औं हिउँदे गाँउसभा यहि मिति २०७९/१०/१५ गतेका दिन विहान ११ बजे गाउँकार्यपालिकाको कार्यालयको हलमा बस्ने।

**निर्णय नं.-८**

खुमबहादुर खड्का स्मृति खेलकूद समितिको च नं २१ मिति २०७९।०९।०८ गतेको पत्रबाट उक्त समितिको आयोजनामा खुमबहादुर खड्का स्मृति पुरुष भलिबल प्रतियोगिता २०७९ माघ २० गते हुने र उक्त कार्यक्रममा यस गाउँपालिकाका खेलाडीको पनि सहभागिता गराउने समेत भएकोले आर्थिक सहयोग गरिदिनु हुन भनि लेखी आएकोले रु. १ लाख उपलव्ध गराउने। साथै खेलाडी पठाउदा खर्च व्यवस्थापन गर्नु पर्ने भएमा सो समेत कार्यालयबाट बेहोर्ने निर्णय गरियो।

मिति २०७९।०९।३० गते बसेको कार्यपालिका सातौं बैठकका निर्णयहरुः

निर्णय नं १

शान्तिनगर गाउँपालिकाकोस्थानीय तह संस्थागत क्षमाता स्वमुल्याङकन कार्यविधी २०७७ बमोजिम आव २०७८।७९ को संस्थागत क्षमाता स्वमुल्याङ्कन प्रतिबेदन देहाय बमोजिम पारित गर्ने निर्णय गरियो ।

| सिन | स्वमुल्यांकनकाक्षेत्रहरु | पुर्णांक | प्राप्तांक |
|---|---|---|---|
| 1 | शासकीयप्रबन्ध | 9 | 7.5 |
| 2 | संगठन तथाप्रशासन | 8 | 7.25 |
| 3 | बार्षिकबजेट तथा योजना ब्यवस्थापन | 11 | 8 |
| 4 | वितियएंव आर्थिक ब्यवस्थापन | 11 | 8.5 |
| 5 | सार्वजनिकसेवा प्रवाह | 16 | 12.25 |
| 6 | न्यायिककार्य सम्पादन | 7 | 5 |
| 7 | भौतिकपुर्वाधार | 13 | 1.5 |
| 8 | सामाजिकसमावेशिकरण | 10 | ७ |
| 9 | बातावरणसंरक्षण तथा विपद् व्यवस्थापन | 9 | २ |
| 10 | सहकार्य रसमन्वय | 6 | १ |
| | | 100 | 60 |

निर्णय नं २

शान्तिनगर गाउँपालिकाको आगामी आ व २०८०।८१ का लागी आन्तरिक राजश्व,अनुदान बापत प्राप्त हुने रकम, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, तथा व्ययको अनुमान समेतको बिवरण अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ को ब्यवस्था अनुसार देहाय बमोजिम प्रक्षेपण गर्ने निर्णय गरियो ।

**शान्तिनगर गाउपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१को अनुमानित आय व्यय प्रक्षेपण**

| शीर्षक | आ.व.२०७८/७९ को यथार्थ | आ.व.२०७९/८० को संशोधित अनुमान | आ.व.२०८०/०८१ को अनुमान |
|---|---|---|---|
| आय | ४४,८६,९३,१९२.०० | ४७,०९,४८,०००.०० | 537620000 |
| राजस्व | ९,४६,२४,१९२.०० | ११,१३,७८,०००.०० | 127620000 |
| आन्तरिकश्रोत | १,५२,३५,०००.०० | ८०,००,०००.०० | 8620000 |
| ११३१४भुमिकर/मालपोत | ५०,००,०००.०० | २३,००,०००.०० | 2500000 |
| ११३२१घरवहाल कर | १५,००,०००.०० | ५,००,०००.०० | 500000 |

| | | | |
|---|---|---|---|
| ११३२२वहाल विटौरी कर | ५०,०००.०० | ५०,०००.०० | 50000 |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिककारोवारमा लाग्ने कर | ५०,०००.०० | ३०,०००.०० | 30000 |
| ११६९१अन्य कर | ४०,००,०००.०० | ०.०० | 0 |
| १४१५१सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ०.०० | ०.०० | 0 |
| १४२१६निजी धारा वापतको शुल्क | १,२०,०००.०० | १०,०००.०० | 10000 |
| १४२२१न्यायिक दस्तूर | १५,०००.०० | ०.०० | 15000 |
| १४२२३शिक्षा क्षेत्रको आम्दानी | १,००,०००.०० | १,५०,०००.०० | 150000 |
| १४२२९अन्य प्रशासनिक सेवा शुल्क | ६,००,०००.०० | ६,००,०००.०० | 650000 |
| १४२४२नक्सापास दस्तुर | ५,००,०००.०० | ५,००,०००.०० | 700000 |
| १४२४३सिफारिश दस्तुर | १५,००,०००.०० | २०,००,०००.०० | 2500000 |
| १४२४४व्यक्तिगत घटना दर्ता दस्तुर | ५०,०००.०० | १,००,०००.०० | 200000 |
| १४२४५नाता प्रमाणित दस्तुर | १,५०,०००.०० | १,५०,०००.०० | 150000 |
| १४२४९अन्य दस्तुर | ८,००,०००.०० | ८,००,०००.०० | 800000 |
| १४२५३व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३,००,०००.०० | ३,००,०००.०० | 350000 |
| १४३११न्यायिक दण्ड, जरिवाना र जफत | ०.०० | १०,०००.०० | 15000 |
| राजस्वबाँडफाँडबाट प्राप्त रकम | ७,९३,८९,१९२.०० | १०,३३,७८,०००.०० | 0 |
| ११३१५घरजग्गा रजिष्टेशन दस्तुर | ०.०० | ३०,००,०००.०० | 4000000 |
| ११४११बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ३,७०,३२,०००.०० | ८,९७,२०,०००.०० | 100000000 |
| ११४२१बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ३,७०,३२,०००.०० | ०.०० | 0 |
| ११४५६बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ५३,२५,१९२.०० | ५६,५८,०००.०० | 6500000 |
| १४१५३बाँडफाँड भई प्राप्त वन रोयल्टी | ०.०० | ०.०० | 0 |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरकोविक्रिबाट प्राप्त हुने आय | ०.०० | ५०,००,०००.०० | 8000000 |
| अन्यआय | ५,००,०००.०० | ५,००,०००.०० | 0 |
| १४५२९अन्य राजस्व | 0 | 0 | 0 |

| | | | |
|---|---|---|---|
| १५१११बेरूजू | ५,००,०००.०० | ५,००,०००.०० | 500000 |
| अन्तरसरकारी वित्तीय हस्तान्तरण | ३५,४०,६९,०००.०० | ३५,९५,७०,०००.०० | 410000000 |
| संघीयसरकार | ३१,३६,२०,०००.०० | ३२,४५,००,०००.०० | 370000000 |
| १३३११समानिकरण अनुदान | १०,५५,००,०००.०० | ११,३१,००,०००.०० | 125000000 |
| १३३१२शसर्त अनुदानचालु | १७,०२,२०,०००.०० | १६,२०,००,०००.०० | 185000000 |
| १३३१३शसर्त अनुदानपुँजीगत | ३,४०,००,०००.०० | २,५४,००,०००.०० | 30000000 |
| १३३१४विषेश अनुदान चालु | 0 | 0 | 0 |
| १३३१५विषेश अनुदान पुँजीगत | ०.०० | १,००,००,०००.०० | 15000000 |
| १३३१६समपुरक अनुदान चालु | 0 | 0 | 0 |
| १३३१७समपुरक अनुदान पुँजीगत | ३९,००,०००.०० | १,४०,००,०००.०० | 15000000 |
| प्रदेशसरकार | ४,०४,४९,०००.०० | ३,५०,७०,०००.०० | 40000000 |
| १३३११समानिकरण अनुदान | ४९,४६,०००.०० | ६०,७०,०००.०० | 7000000 |
| १३३१२शसर्त अनुदानचालु | ५,४४,०००.०० | ०.०० | 0 |
| १३३१३शसर्त अनुदानपुँजीगत | ८०,००,०००.०० | ८०,००,०००.०० | 10000000 |
| १३३१४विषेश अनुदान चालु | ६०,००,०००.०० | ६०,००,०००.०० | 8000000 |
| १३३१५विषेश अनुदान पुँजीगत | ५९,६४,०००.०० | ०.०० | 0 |
| १३३१६समपुरक अनुदान चालु | 0 | 0 | 0 |
| १३३१७समपुरक अनुदान पुँजीगत | १,४९,९५,०००.०० | १,५०,००,०००.०० | 15000000 |
| व्यय | ५१,६४,२८,०६५.०० | ५०,९७,४८,०००.०० | 537620000 |
| चालु | २९,९९,१९,३५५ | ३२,४८,७८,००० | 354620000 |
| २११११पारिश्रमिक कर्मचारी | १४,१५,५३,०००.०० | १५,४३,२१,०००.०० | 165000000 |
| २१११२पारिश्रमिक पदाधिकारी | ७५,२७,९९९.०० | ७८,००,०००.०० | 8000000 |
| २११२१पोशाक | ८,८०,०००.०० | ८,८०,०००.०० | 900000 |
| २११२२खाद्यान्न | ५०,०००.०० | ०.०० | 0 |

| | | | |
|---|---|---|---|
| २११३१स्थानीय भत्ता | ०.०० | १,२६,०००.०० | 0 |
| २११३२महंगी भत्ता | १०,००,०००.०० | १०,००,०००.०० | 1000000 |
| २११३४कर्मचारीको बैठक भत्ता | १,८३,९८०.०० | १,००,०००.०० | 300000 |
| २११३५कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ०.०० | ०.०० | 100000 |
| २११३९अन्य भत्ता | ६,००,०००.०० | १२,००,०००.०० | 1500000 |
| २११४१पदाधिकारी बैठक भत्ता | २५,००,०००.०० | २४,१८,०००.०० | 2500000 |
| २११४२पदाधिकारीअन्य सुबिधा | ०.०० | ०.०० | 0 |
| २१२१४कर्मचारी कल्याण कोष | ५,००,०००.०० | १०,००,०००.०० | 1200000 |
| २२१११पानी तथा बिजुली | ३,००,०००.०० | ६,७५,०००.०० | 500000 |
| २२११२संचार महसुल | ५,२३,०००.०० | ६,७६,०००.०० | 400000 |
| २२२१२इन्धन (कार्यालय प्रयोजन) | २०,००,०००.०० | २४,९५,२००.०० | 3500000 |
| २२२१३सवारी साधन मर्मत खर्च | १०,००,०००.०० | १०,००,०००.०० | 1500000 |
| २२२१४बिमा तथा नवीकरण खर्च | ३,००,०००.०० | ३,००,०००.०० | 300000 |
| २२२२१मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ११,००,०००.०० | ३,६०,०००.०० | 500000 |
| २२२३१निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १,५०,०००.०० | ४,००,०००.०० | 500000 |
| २२३११मसलन्द तथा कार्यालय सामाग्री | ३९,८३,०००.०० | ३४,३०,०००.०० | 4000000 |
| २२३१३पुस्तक तथा सामग्री खर्च | १३,७०,०००.०० | ३९,५८,०००.०० | 4500000 |
| २२३१४इन्धन - अन्य प्रयोजन | १,००,०००.०० | ०.०० | 0 |
| २२३१५पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १७,५९,०००.०० | ९,००,०००.०० | 1200000 |
| २२३१९अन्य कार्यालय संचालन खर्च | ८,००,०००.०० | ९,९१,८००.०० | 1200000 |
| २२४११सेवा र परामर्श खर्च | १४,००,०००.०० | २०,००,०००.०० | 3000000 |
| २२४१२सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ३२,३५,०००.०० | ५,००,०००.०० | 600000 |
| २२४१३करार सेवा शुल्क | १,२१,५६,०००.०० | १,५०,००,०००.०० | 18000000 |
| २२४१९अन्य सेवा शुल्क | ४,९४,०००.०० | ०.०० | 300000 |
| २२५१२सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ४७,२५,०००.०० | ३२,३२,०००.०० | 4000000 |

| | | | |
|---|---|---|---|
| २२५२१उत्पादन सामग्री / सेवा खर्च | ०.०० | ०.०० | 0 |
| २२५२२कार्यक्रम खर्च | ७,६६,९१,९७५.०० | ७,५६,१०,०००.०० | 78720000 |
| २२५२९विविध कार्यक्रम खर्च | २७,२६,५५०.०० | १,३३,१७,०००.०० | 15000000 |
| २२६११अनुगमन, मूल्यांकन खर्च | १,००,०००.०० | २,००,०००.०० | 300000 |
| २२६१२भ्रमण खर्च | १५,४९,०००.०० | १८,८०,०००.०० | 1900000 |
| २२६१९अन्य भ्रमण खर्च | १,००,०००.०० | ०.०० | 200000 |
| २२७११विविध खर्च | १,१७,१४,८५१.०० | २,०५,३१,०००.०० | 22000000 |
| २२७२१सभा सञ्चालन खर्च | ५,००,०००.०० | ५,००,०००.०० | 500000 |
| २५३११शैक्षिक संस्थाहरूलाई सहायता | ११,००,०००.०० | ७,००,०००.०० | 1000000 |
| २५३१२स्वास्थ संस्थाहरूलाई सहायता | ९,००,०००.०० | ०.०० | 500000 |
| २७२११छात्रवृत्ति | १,४०,०००.०० | ५,००,०००.०० | 700000 |
| २७२१२उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ९४,७०,०००.०० | ३०,५२,०००.०० | 4000000 |
| २७२१३औषधीखरिद खर्च | २४,५०,०००.०० | ३४,७५,०००.०० | 4000000 |
| २७२१९अन्य सामाजिक सहायता | ६,००,०००.०० | ०.०० | 500000 |
| २८१४२घरभाडा | ३,५०,०००.०० | ३,००,०००.०० | 300000 |
| २८१४३सवारी साधन तथा मेशिनर औजार भाडा | ३,५०,०००.०० | ५०,०००.०० | 500000 |
| २८२१९अन्य फिर्ता | ९,८७,०००.०० | ०.०० | 0 |
| पूंजीगत | २१,६५,०८,७१०.०० | १८,४८,७०,०००.०० | 183000000 |
| ३१११११आवासीय भवन निर्माण/खरिद | ४५,००,०००.०० | ५३,००,०००.०० | 7000000 |
| ३१११२गैर आवासीय भवन निर्माण/खरिद | ३,०१,१४,०००.०० | ८८,९०,०००.०० | 10000000 |
| ३१११३निर्मित भवनको संरचनात्मक सुधार खर्च | २१,००,०००.०० | ६,००,०००.०० | 800000 |
| ३११२१सवारी साधन | ४८,००,०००.०० | १५,००,०००.०० | 6000000 |
| ३११२२मेशिनरी तथा औजार | १७,००,०००.०० | २२,००,०००.०० | 2200000 |
| ३११२३फर्निचर तथा फिक्चर्स | २१,००,०००.०० | ९,००,०००.०० | 2000000 |
| ३११३१पशुधन तथा बागवानी विकास खर्च | ०.०० | ०.०० | 0 |

| | | | |
|---|---|---|---|
| ३११३५पूँजीगत परामर्श खर्च | २४,००,०००.०० | २०,००,०००.०० | 2500000 |
| ३१९४१सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | २,००,०००.०० | ०.०० | 0 |
| ३११५१सडक तथा पूल निर्माण | ९,६४,५४,४६८.०० | १०,५७,६०,०००.०० | 100000000 |
| ३११५३विद्युत संरचना निर्माण | ६७,५०,०००.०० | १७,००,०००.०० | 2000000 |
| ३११५४तटबन्ध तथा बाँधनिर्माण | १९,००,०००.०० | ७,००,०००.०० | 1000000 |
| ३११५५सिंचाई संरचना निर्माण | २,८९,३५,९६०.०० | १,३०,००,०००.०० | 12000000 |
| ३११५६खानेपानी संरचना निर्माण | १,४५,४८,०००.०० | २,०२,६०,०००.०० | 10000000 |
| ३११५७वन तथा वातावरण संरक्षण | ०.०० | ७,००,०००.०० | 1000000 |
| ३११५९अन्य सार्वजनिक निर्माण | १,८०,०६,२८२.०० | १,१३,९०,०००.०० | 15000000 |
| ३११६१निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,००,०००.०० | ३९,००,०००.०० | 4000000 |
| ३११७१पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ०.०० | ६०,७०,०००.०० | 6000000 |
| ३११७२पूँजीगत अनुसन्धान तथा परामर्श | १९,००,०००.०० | ०.०० | 1000000 |
| ३१५११भैपरी आउने पूँजीगत | ०.०० | ०.०० | 500000 |
| बजेटबचत (+)/न्यून | (६,७७,३४,८७३.००) | (३,८८,००,०००.००) | |
| गतवर्षको नगद मौज्दात | ६,७७,३४,८७३.०० | ३,८८,००,०००.०० | |

**निर्णय नं ३**

गाउँपालिकाबाट वडा नं २ मा सञ्चालन भएको गौशालाको व्यवस्थित तरिकाले सञ्चालनको लागि दुई जना गाई हेरालु थप गर्ने र निजको सुविधाका सम्बन्धमा मासिक रुपमा रु १२०००। बाह्र हजार पारिश्रमिक दिने निर्णय गरियो ।

मिति २०७९।१०।१४ गते बसेको कार्यपालिकाको आठौं बैठकका निर्णयहरु

निर्णय नं १ शान्तिनगर गाउँपालिकाको मिति २०७९ पौष ३० गते बसेको कार्यपालिका बैठक द्वारा पारित निर्णयहरुको हाल सम्मको कार्यान्वयन अवस्था बारे छलफल तथा समिक्षा गरियो ।

निर्णय नं २ चालु आर्थिक वर्ष २०७९।८० का लागि शान्तिनगर गाउँ सभाबाट विनियोजन गरिएको बजेट तथा कार्यक्रमको हाल सम्मको चालु तथा पुँजीगत खर्चको अवस्थालाई समिक्षा गर्दा गाउँपालिका तथा वडा कार्यालयबाट विनियोजित बजेट तथा कार्यक्रममा केहि संशोधन गर्नु पर्ने भएकोले बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव १३ औं गाउँ सभाको बैठकमा लैजाने निर्णय गरियो ।

निर्णय नं ३ गाउँपालिकाले निजी तथा गैर सरकारी संस्था सँग साझेदारीमा कार्यक्रम संचालन गर्ने कानुनी आधार तयार गर्नु पर्ने भएकोले गाउँपालिकाबाट तयार भएको शान्तिनगर गाउँपालिकाको साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन ऐन २०७९ को मस्यौदा १३ औं गाउँ सभाको बैठकमा लैजाने निर्णय गरियो ।

निर्णय नं ४ गाउँपालिका द्वारा सेवा प्रवाहलाई सहज तुल्याउनका लागि नियुक्ति गरि कामकाज गरि रहेको करार कर्मचारीको करार अवधी २०७९ पौष मसान्तमा समाप्त भएकोले सबै कर्मचारीहरुको कार्यसम्पादनका आधारमा करार अवधी २०७९ असार मसान्त सम्मको अवधी कार्यालय द्वारा थप गर्न् निर्णय गरियो ।

निर्णय नं ५ राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको राष्ट्रिय परिचय पत्र वितरण दर्ता शिविर संचालन कार्यक्रम अनुसार शान्तिनगर गाउँपालिकामा दर्ता शिविर संचालन कार्य सम्पन्न भइ सकेकोले दर्ता शिविरमा खटिने दर्ता अपरेटरको खाना तथा बस्नको लागी गाउँपालिकाबाट व्यवस्था मिलाइएको हुदा खर्च विवरण वडा कार्यालयबाट पेश भएको विल भरपाई अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ६ कार्यालयको दैनिक सेवा प्रवाह तथा आवश्यकताका आधारमा देहायको कर्मचारीहरुको करारमा सेवा लिई पदपुर्ति गर्ने निर्णय गरियो ।

| सिन | पद | संख्या | सेवाको प्रकृति | तलव सुविधा | कार्य स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय सहयोगी | ३ (तीन) | करार | १५०००।– | शिक्षा स्वास्थ्य शाखा ७ नं स्वास्थ्य | गापा शशर्त |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | अहेव | १ (एक) | करार | २००००।– | वडा नं २ घुम्ति स्वास्थ्य सेवा | वडाको बजेटबाट कट्टि हुन |

निर्णय नं ७ इलाका प्रशासन कार्यालय तुल्सिपुरले सेवा प्रवाहका लागि संरचना निर्माण तथा सुधार कार्य सम्पन्न गर्दा रु ५५५८९ अक्षेरिपी पच्पन्न हजार पाँच सय उनानब्बे रुपैयाँ खर्च भएको र भुकतानीका लागी रकम अभाव भएकोले सहयोग गरिदिन भनी लेखी आएकोले विल भरपाईका आधारमा उक्त रकम गाउँपालिकाको निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ८ शान्तिनगर गाउँपालिका वडा नं ६ निवासी लोकेन्द्र डि सी ले निर्माण सेवा संचालनका लागी इजाजत पाउँ भनि कागजात पेश गरेकामा कार्यालयबाट खटिएको प्राबिधक टोलीको सिफरिसको आधारमा सेवा संचालन सम्बन्धी मापदण्ड पुरा भएको भन्ने प्रतिबेदन प्राप्त भएकोले गाउँपालिकाको घ वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधी २०७४ को दफा २(२) अनुसार देहायको कम्पनीलाई घ वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

| सि. न. | निर्माण कम्पनीको नाम | ठेगाना | उद्देश्य |
|---|---|---|---|
| १ | चन्द्र बिन्दु निर्माण सेवा | शान्तिनगर ६ दाङ | निर्मण सम्बन्धि कार्य ठेक्का पट्टा गर्ने |

निर्णय नं ९ गाउँपालिकाको समग्र दरबन्दी संरचनाको दिर्घकालिन व्वस्थापनका लागी कर्मचारी संगठन व्यवस्थापन सर्वेक्षण गर्ने निर्णय गरियो ।